# नागरिक लगानी कोष

**कोषको वित्तीय अवस्था (अपरिष्कृत)**

**२०८१ आषाढ मसान्तसम्मको** रु. हजारमा

## कोषको स्रोत (Sources of Fund)

| विवरण | अपरिष्कृत | वास्तविक |
|---|---|---|
| | २०८०।८१ आषाढ मसान्त | २०७९।८० आषाढ मसान्त |
| शेयर पुँजी | ५,३१३,७५० | ५,३१३,७५० |
| शेयर प्रिमियम | – | – |
| **खुद कोष मौज्दात** | २४९,०८४,१३२ | २२३,८३५,७५८ |
| क.ब.वृ. अवकास कोष | १६७,८१४,३४३ | १४७,५९८,६१० |
| नागरिक एकाङ्क योजना | १,५८६,४६३ | १,३०७,७८६ |
| उपदान कोष योजना | ३७,८०७,९०७ | ३४,८०३,५६५ |
| लगानीकर्ता हिसाब | १०,२०८,४७४ | ९,११२,३२६ |
| राष्ट्रसेवक कर्मचारी बीमा कोष | ८,८८७,३१२ | ८,९४८,७२७ |
| नार्क बीमा कोष | १५०,११६ | १३७,९४४ |
| नागरिक पेन्सन योजना | २४६,६०४ | १६१,३७० |
| बीमा कोष दायित्व | ४,२२९,०१८ | ३,५४३,३४० |
| जगेडा कोष | १८,१५३,८९५ | १३,३६८,६८५ |
| केन्द्रीय हिसाब | ३,४६४,६५५ | २,३६२,२४५ |
| अन्य कोष र योजना | १४,६८९,२४० | ११,००६,४४० |
| **फेयर मूल्य कोष** | ४,९५३,४०५ | ४,५२१,३४५ |
| पुनर्मूल्याङ्कन कोष (Revaluation Reserve) | ३३२,०६० | ३३२,०६० |
| चालू दायित्व तथा व्यवस्था | ४९,०१३,८८० | ४६,१४८,६७४ |
| **जम्मा :** | ३०३,४११,७६२ | २७५,२९८,१८२ |

रु. हजारमा

## कोषको उपयोग (Applications of Fund)

| विवरण | अपरिष्कृत | वास्तविक |
|---|---|---|
| | २०८०।८१ आषाढ मसान्त | २०७९।८० आषाढ मसान्त |
| खुद स्थिर सम्पत्ति | २,३३५,३७९ | २,२३२,२९३ |
| **लगानी** | २४३,७२१,८७९ | २२२,४२५,३८५ |
| नेपाल सरकारको ऋणपत्र | ५००,००० | ५००,००० |
| मुद्दती निक्षेप | १३०,७११,५०५ | ११३,९५१,२०९ |
| समयकालीन कर्जा | २५,०२७,०१७ | २३,३९०,९७६ |
| संगठित संस्थाको शेयर/धितोपत्र | ३०,७१८,९९६ | ३४,२७५,८८५ |
| सहायक कम्पनीमा लगानी | २,७२४,६७५ | २,७२४,६७५ |
| सहभागी सापटी तथा आवास कर्जा | ५४,०३९,६८७ | ४७,५८२,६४० |
| बैङ्क मौज्दात | ११,५७०,३५२ | २,६९५,५९८ |
| चालू सम्पत्ति | ४५,७८४,१५२ | ४७,९४४,९०६ |
| **जम्मा :** | ३०३,४११,७६२ | २७५,२९८,१८२ |

माथि उल्लिखित विवरण अपरिष्कृत भएकोले लेखापरीक्ष पश्चात परिवर्तन हुनसक्नेछ ।

# नागरिक लगानी कोष

**केन्द्रीय हिसाब**

**२०८० श्रावण १ देखि २०८१ आषाढ मसान्त सम्मको**

**अपरिष्कृत आय/व्यय हिसाब** रु. हजारमा

| विवरण | २०८०।८१ आषाढ मसान्त | २०७९।८० आषाढ मसान्त |
|---|---|---|
| ब्याज आम्दानी | ४४२,५४८ | ३७०,१७६ |
| सेवा शुल्क तथा कमिसन आम्दानी | १,४११,२५१ | १,३९१,९८७ |
| अन्य सञ्चालन आम्दानी | ७१,१४१ | ६६,८१५ |
| **कुल आम्दानी** | १,९२४,९४० | १,८२८,९७८ |
| व्यवस्थापन खर्च | ३२७,५१५ | ३०८,३८१ |
| खर्च व्यवस्था | १२७,५४५ | १२४,६३६ |
| **कुल खर्च** | ४५५,०६० | ४३३,०१७ |
| कर अगाडिको खुद नाफा | १,४६९,८८० | १,३९५,९६१ |
| आय कर व्यवस्था | ३६७,४७० | ३२४,४६७ |
| स्थगन कर खर्च (आम्दानी) | – | (१५२,१५५) |
| **खुद नाफा** | १,१०२,४१० | १,२२३,६४९ |

## Particulars

**Financial Ratios & Other Information:**

| Overall | As of Ashad 2081 | As of Ashad 2080 |
|---|---|---|
| Return on Investment (ROI) | 8.20% | 9.40% |
| Fund to Investment ratio | 97.85% | 99.37% |
| Weighted average cost of fund | 7.51% | 8.49% |
| **Central Account** | | |
| Net Worth (Rs. in '000) | 9,110,465 | 8,632,610 |
| Net Worth (Value per share) | 171.45 | 162.46 |
| Earning Per Share (Annualized-in Rs.) | 20.75 | 23.03 |

१. **वित्तीय विवरण**

त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण माथि उल्लेख गरिए बमोजिम रहेको छ ।

२. **व्यवस्थापकीय विश्लेषण**

कोषले दीर्घकालीन प्रकृतिको कोष सङ्कलन गर्ने भएको र सहभागीहरूको मासिक सङ्कलन रकमबाट दैनिक भुक्तानी दिने कार्य गर्ने भएको हुँदा तरलता व्यवस्थापनमा सहज छ। कोषको मुख्य आम्दानीको रूपमा कोषले सञ्चालन गरेका योजनाहरूबाट प्राप्त सेवा शुल्क, ब्याज आम्दानी तथा नगद लाभांश रहेको छ। कोषले बन्दमुखी सामूहिक कोष योजना सञ्चालन गर्ने प्रक्रिया अगाडि बढाएको छ। कोषको मौजदात, नाफा वा नगद प्रवाहमा तात्वीक असर पर्ने अवस्था रहेको छैन।

३. **कानूनी कारबाही सम्बन्धी विवरण**

(क) नागरिक लगानी कोषले सञ्चालन गरेको विभिन्न अवकाश कोषहरू मध्ये उपदान कोष अन्तर्गत विभिन्न संगठित संस्थाले जम्मा गरेको उपदान कोष रकमबाट सम्बन्धित संस्थाका कर्मचारीहरू अवकाश हुँदा कोषले उपदान बापतको रकम भुक्तानी गर्दा आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा (१) बमोजिम १५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था बमोजिम भुक्तानी दिँदै आएकोमा सम्मानित सर्वोच्च अदालतको फैसलाले रिट निवेदकले प्राप्त गर्ने अवकाश भुक्तानीमा कानुनले निर्धारण गरेको ५ प्रतिशत कर बाहेक अन्य थप रकम कट्टा नगर्नु र निवेदकबाट कट्टा गरिसकेको धरौटी खातामा रहेको १० प्रतिशत रकम निवेदकलाई फिर्ता दिनु भनी प्रत्यर्थीहरूको नाममा परमादेशको आदेश समेत जारी भएको र केही मुद्दाहरू हाल विचाराधीन अवस्थामा रहेको।

(ख) कोषले उपदान कोषको रकममा ५ प्रतिशत मात्र कर कट्टा गरेको मिलेन भनी ठूला कर दाता कार्यलयबाट कोषलाई जरिवाना गरेको र सो उपर कोषले आन्तरिक राजस्व विभाग, लाजिम्पाटमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिइएको र सो हाल विचाराधीन अवस्थामा रहेको।

४. **सङ्गठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण**

(क) कोषको शेयर नेपाल स्टक एक्स्चेन्ज लि.को दोस्रो बजारमा खुला शेयर बजार अन्तर्गत कारोबार भइरहेको छ। यस विषयमा कोष व्यवस्थापनको धारणा तटस्थ रहेको छ।

(ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार सङ्ख्या।

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार भएको कुल दिन | कारोबार शेयर सङ्ख्या |
|---|---|---|---|---|
| २१६८।२० | १८९८।०० | १९४५।०० | ६१ | ७,३४,१५३ |

५. **समस्या तथा चुनौती**

कोषले प्रयोगमा ल्याइरहेको सफ्टवेयरलाई सबै कारोबार र अन्य निकायहरूले प्रयोगमा ल्याइरहेको सफ्टवेयरसँग एकीकरण हुनेगरी मिल्दो बनाउने, पुरानो हिसाब मिलान कार्य सम्पन्न गर्ने, सहभागीहरूलाई दिइने प्रतिफल दरलाई उच्च बनाई राख्ने आन्तरिक चुनौती तथा समस्याहरू कोषसँग रहेकाछन्। त्यसैगरी पुँजीबजार तर्फको कारोबारमा प्रतिस्पर्धा, सरकारको जमानत माग गरिएको लगानी असुलीमा समस्या, कोषमा आवद्ध संस्था र सहभागीहरूलाई सामाजिक सुरक्षा कोषमा जानुपर्ने अवस्था सृजना गरिनु तथा योगदानमा आधारित पेन्सन कार्यक्रम अन्य संस्थाबाट सञ्चालन गर्ने व्यवस्थाले कोषको कारोबारमा परेको असर जस्ता वाह्य चुनौतीहरू रहेकाछन्। यीचुनौतीहरू समाधानको लागि कोषले आफ्नो सफ्टवेरलाई नेपाल सरकार महालेखा नियन्त्रक कार्यालयको सफ्टवेयर “सुत्र” सँग एकिकरण गर्ने प्रक्रियामा रहेको, NCHL सबै कार्यक्रमहरूमा लागू गर्ने, कोषका सम्पूर्ण सेवाहरूलाई डिजिटलाईज गर्ने, बैंक रिकन्सिलियसन कार्यलाई चुस्त दुरुस्त बनाउन छुट्टै शाखा व्यवस्था गरी कार्य गर्ने, सहभागीहरूलाई दिने प्रतिफल दरलाई उच्च बनाउन बढी प्रतिफल प्राप्त हुने सुरक्षित लगानीमा केन्द्रित हुने रणनीति कोषले लिएको छ।

६ **संस्थागत सुशासन**

कोषको शीर्ष निकायको रूपमा रहेको सञ्चालक समिति शेयरधनीहरू प्रति उत्तरदायी हुने तथा संस्थागत सुशासन कायम गर्ने जिम्मेवारीमा रहेको छ। कोषले सञ्चालन गर्ने योजना/कार्यक्रमहरूको सञ्चालन, अनुगमन तथा वित्तीय विवरण प्रमाणिकरण गर्न सञ्चालकको संयोजकत्वमा ट्रस्टी उपसमितिहरू गठन गरिएको छ। सहभागीहरू प्रति ट्रस्टी उत्तरदायी रहने गरेको छ। आर्थिक अनुशासन र आन्तरिक नियन्त्रण प्रणाली कायम गर्न सञ्चालकको संयोजकत्वमा लेखा परीक्षण समिति रहेको छ। सञ्चालकको संयोजकत्वमा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी अनुगमन उपसमिति गठन गरिएको छ। यस सम्बन्धमा सम्पादित कार्यहरूको अर्धवार्षिक प्रतिवेदन समिति समक्ष पेस गर्ने गरिएको छ। कोषका कार्यकारी निर्देशकको संयोजकत्वमा लगानी उपसमिति र कर्जा उपसमिति गठन गरिएको छ। लगानी नीतिको सीमाभित्र रही तोकिएको विधि प्रक्रिया र मापदण्डको अधीनमा रही लगानी गर्ने गरिएको छ। सहभागीहरूलाई कर्जा प्रदान गर्दा कर्जा कार्यविधिको अधीनमा रही गरिएको छ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लिखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लिखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानी कर्ताहरूलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन।